दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३६ | बुटवल | २०८३ जेठ ०२ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday May 16, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

अवैध चोरी निकासी नियन्त्रण गरौं

- गैरकानुनी रूपमा सामान देश बाहिर लैजाने र ल्याउने कार्य रोकौं,
- शंकास्पद गतिविधि देखे सम्बन्धित निकायमा जानकारी गराऔं,
- वैधानिक प्रक्रियाबाट आयात-निर्यात गरौं,
- कर छलि र तस्करी विरुद्ध सचेत बनौं,
- सीमा क्षेत्र र बजारमा निगरानी बढाऔं,

प्राकृतिक स्रोत, वन सम्पदा तथा राष्ट्रिय सम्पत्तिको संरक्षण गरौं,

नेपाल सरकार विज्ञापन बोर्ड

# लुम्बिनीका मन्त्रालय ८ वटा हुने, यातायात सेवा सबै जिल्लामा

**लुम्बिनी संवाददाता**

*बुटवल*



लुम्बिनी प्रदेश सरकारले आगामी साउन १ गतेदेखि मन्त्रालय संख्या ८ वटा कायम गर्नेगरी तयारी अघि बढाएको छ । प्रदेश सरकारको कार्यसम्पादनलाई चुस्त, छरितो र मितव्ययी बनाउने उद्देश्यसहित मन्त्रिपरिषद् बैठकले संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई यथासिघ्र मन्त्रालयको संगठन संरचना पुनरावलोकन गरी प्रतिवेदन पेश गर्न जिम्मेवारी दिएको छ। लुम्बिनीमा हाल १२ मन्त्रालय छन् ।

सरकारका प्रवक्ता तथा कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थीका अनुसार, प्रमुख सचिव कृष्णप्रसाद काप्रीको संयोजकत्वमा यसअघि गठन भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण समितिलाई प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ मा आवश्यक संशोधनको मस्यौदासहित प्रतिवेदन पेश गर्न निर्देशन दिइने भएको छ।

बैठकले उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले सवारी साधन नवीकरण तथा पटके सेवा सञ्चालन सम्बन्धी प्रस्ताव स्वीकृत गरेको छ। अब आगामी आर्थिक वर्षदेखि यातायात व्यवस्था कार्यालय नभएको जिल्लाको हकमा सवारी दर्ता किताब (बिल बुक) नवीकरण, अस्थायी बाटो इजाजत सेवा प्रदान गर्ने निर्णय गरिएको छ।

गुल्मी, अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम पूर्व र वर्दीयाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट गर्ने, साथै दाङ जिल्लाको हकमा घरेलु तथा साना उद्योग कार्यालयबाट समेत सञ्चालन गर्ने निर्णय गरिएको हो ।

बैठकले प्रदेश सचिवको पदमा जिम्मेवारी तोक्ने निर्णय गरेको छ । नारायणप्रसाल अर्याललाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सुशीला अर्याललाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सचिवको जिम्मेवारी तोकिएको हो ।

बैठकले अध्ययन पूर्व स्वीकृति तथा अध्ययन बिदा स्वीकृति सम्बन्धी कार्यविधि, २०८३, आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी नियमावलीलाई प्रशासन तथा विधेयक समितिमा पठाउने निर्णय गरेको छ।

वन तथा वातावरण मन्त्रालयले धार्मिक वन हस्तान्तरणका लागि नेपाल सरकारलाई सिफारिस गर्ने तथा निजी वनमा भएका रूखको कटान, उपयोग, ओसारपसार, बिक्री वितरण तथा अनुगमनसम्बन्धी कार्यविधि, २०८३ लाई सम्बन्धित समितिमा पठाउने निर्णय गरिएको छ।

**यातायात व्यवस्थासम्बन्धी सेवा बाह्रै जिल्लामा**

लुम्बिनीका १२ वटै जिल्लाबाट आगामी आर्थिक वर्षदेखि यातायात व्यवस्थासम्बन्धी सेवा प्रवाह हुने भएको छ। लुम्बिनी प्रदेश सरकारले यातायात व्यवस्था कार्यालय नभएका ६ जिल्लासहित ७ स्थानबाट सवारी दर्ता किताव नविकरण र अस्थायी बाटो इजाजत सेवा सञ्चालन गर्ने गरि यातायात सेवा बिस्तार गर्ने निर्णय गरेको हो ।

शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले यातायात व्यवस्था कार्यालय नभएका जिल्ला गुल्मी,अर्घाखाँची, प्यूठान, रोल्पा, रुकुम पूर्व र बर्दिया सहित दाङको घोराहीबाट सवारी दर्ता किताब नविकरण र अस्थायी बाटो इजाजत सेवा प्रवाह गर्ने निर्णय गरेको उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्डविक्रम न्यौपानेले जानकारी दिए ।

'संघीयताको मर्मअनुसार नागरिकले सुलभ रुपमा सेवा प्रदान गर्ने लक्ष्यमा प्रदेश सरकार छ,' मन्त्री न्यौपानेले मन्त्रिपरिषद् बैठकको निर्णयबारे जानकारी दिँदै भने-'सरकारको यहि लक्ष्य अनुरुप यातायात व्यवस्था कार्यालय नभएका जिल्लाहरुमा सवारी दर्ता किताब नविकरण र अस्थायी बाटो इजाजत सेवा सञ्चालन गर्ने निर्णय भएको छ, यो निर्णयले सर्वसाधारणहरुलाई ठूलो राहत प्रदान गर्ने छ।'

यी जिल्लाहरुबाट पनि यातायात व्यवस्थासम्बन्धी सेवा प्रवाह सुरु भयो भने प्रदेशका १२ वटै जिल्लाबाट यो सेवा प्रारम्भ हुनेछ । यि जिल्लाहरुमा यातायात सेवा कार्यालय नहुँदा त्यहाँका नागरिकहरु सवारी दर्ता किताब नविकरण र अस्थायी बाटो इजाजत सेवाका लागि दाङ, बाँके तथा बुटवलसम्म पुग्नु पर्ने बाध्यता थियो । रुकुम पूर्व, प्यूठान, रोल्पाका नागरिकहरु सेवा लिन दाङ आउनु पर्ने बाध्यता रहँदै आएको थियो भने गुल्मी, अर्घाखाँचीका सेवाग्राहीहरुलाई बुटवल पुग्नु पर्ने बाध्यता रहँदै आएको थियो ।

यसैगरी बर्दियाका सेवाग्राहीहरु बाँके स्थित नेपालगञ्ज पुग्नु पर्ने बाध्यता थियो। अब भने सेवाग्राहीहरुले आफ्नै जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयबाट यो सेवा प्राप्त गर्नेछन् ।

उनका अनुसार उद्योग, पर्यटन तथा यातायात मन्त्रालय मातहतका जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमार्फत् यातायात सेवा प्रवाह गरिने छ।

यातायात व्यवस्था कार्यालय नभएका यी स्थानका सेवाग्राहीहरुलाई सवारी दर्ता किताब नविकरण र अस्थायी बाटो इजाजत सेवा पाउनका लागि निकै सास्ती बेहोर्नु परिरहेको थियो । यातायात सम्बन्धी सेवा विस्तार अपरिहार्य देखेको उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले यि सेवा बिस्तारका लागि मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेश गरेको थियो ।

मन्त्रालयको प्रस्ताव माथि निर्णय गर्दै मन्त्रिपरिषदु बैठकले आगामी आर्थिक वर्षबाट सेवा प्रारम्भ गर्नका लागि आवश्यक व्यवस्था मिलाउन उद्योग, पर्यटन तथा यातायात मन्त्रालयलाई स्वीकृति दिएको छ ।

» बाँकी ३ पेजमा

## डड्याङडुडुङ गरेर हुन्न : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले आफू छलफल र संवादमा विश्वास गर्ने बताएका छन् । शुक्रबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

'हामी चाहीँ छलफलमा विश्वास गर्छौं, संवादमा विश्वास गर्छौं,' सभापति थापाले भने-'हामी आमने-सामने बहसमा विश्वास गर्छौं, हामी प्रमाणमा विश्वास गर्छौं ।'

परिवर्तन एकैचोटि डड्याङडुडुङ गरेर नहुने उनले बताए । 'नीति, नियम, कानुन बनाएर परिवर्तन गर्ने कुरा, प्रणालीहरूमा परिवर्तन ल्याउने कुराहरू एकैचोटि डड्याङडुडुङ गरेर हुँदैन भन्ने कुरामा विश्वास गर्छौं ।'

यी सबै कुरा 'इकोसिस्टम' रहेको बताउँदै विस्तारविस्तारै हुने उनले बताएका छन् ।

## ८८ अर्ब पुग्यो सरकारी निकायको बेरुजु



बुटवल । महालेखापरीक्षकको प्रतिवेदनले गत आर्थिक वर्ष २०८१/८२ मा बेरुजु बढेको देखाएको छ। गत वर्ष वृद्धि भएको गरी सरकारी निकायको बेरुजु बढेर ८८ अर्ब पुगेको छ।

शुक्रबार महालेखापरीक्षक तोयम रायाले राष्ट्रपति रामचन्द्र पौडेल समक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन बुझाएका छन् । राष्ट्रपति भवन शितलनिवासमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलसमक्ष महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन बुझाउँदै संक्षिप्त जानकारी दिएका हुन् ।

महालेखापरीक्षक रायाले नेपालको संविधानको धारा २४१ बमोजिम महालेखा परीक्षकको जिम्मेवारी तथा धारा २९४ बमोजिम वार्षिक प्रतिवेदन पेश गरिएको जानकारी दिए । उनले सार्वजनिक स्रोत-साधनको परिचालन नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यका आधारमा लेखापरीक्षण गरी प्रतिवेदन तयार गरिएको बताए ।

आर्थिक वर्ष २०८१/८२ मा कुल पाँच हजार ५२६ निकायको ९४ खर्ब ८४ अर्ब ५० करोड बराबरको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमध्ये संघीय मन्त्रालय तथा निकायतर्फ तीन हजार ५० कार्यालयको २९ खर्ब १७ अर्ब ९५ करोड रहेको उनले बताए। त्यस्तै, प्रदेश मन्त्रालय तथा निकायतर्फ एक हजार १२४ कार्यालयको तीन खर्ब २० अर्ब ३० करोड, स्थानीय तहतर्फ ७२१ निकायको ११ खर्ब नौ अर्ब ५२ करोड र समिति एवं अन्य संस्थातर्फ ५७७ निकायको चार खर्ब ४७ अर्ब ७७ करोडको लेखापरीक्षण गरिएको छ।

संगठित संस्था तथा संघीय कानुनद्वारा स्थापित ४४ संस्थाको ५४ आर्थिक वर्षको ४६ खर्ब ८८ अर्ब ९६ करोड बराबरको लेखापरीक्षण गरिएको हो। यस वर्षको लेखापरीक्षणबाट ८८ अर्ब नौ करोड ११ लाख बेरुजु कायम भएको उनले जानकारी दिए । यसमध्ये संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४८ करोड ७७ लाख, प्रदेश सरकारी कार्यालयतर्फ पाँच अर्ब २२ करोड ८७ लाख, स्थानीय तहतर्फ १९ अर्ब चार करोड ७७ लाख तथा समिति एवं अन्य संस्थातर्फ १० अर्ब ३२ करोड ७० लाख बेरुजु रहेको छ।

त्यस्तै, एक लाख ८८ हजार ९१४ बेरुजु दफामध्ये ९४ हजार ४३८ दफा सैद्धान्तिक तथा ९३ हजार ४७६ दफा लगती बेरुजु रहेका छन् । अद्यावधिक बेरुजु सात खर्ब ५५ अर्ब १७ करोड पुगेको छ।

त्यसमध्ये संघीय सरकारी कार्यालयतर्फ तीन खर्ब ७८ अर्ब ५४ करोड, प्रदेश सरकारी कार्यालयतर्फ ३३ अर्ब ९६ करोड, स्थानीय तहतर्फ दुई खर्ब २० अर्ब ४७ करोड तथा समिति एवं अन्य संस्थातर्फ एक खर्ब २२ अर्ब २० करोड रहेको छ। गत वर्षको तुलनामा अध्यावधिक बेरुजु २.९९ प्रतिशतले वृद्धि भएको छ । अतिरिक्त लेखापरीक्षण, राजस्व, शोधभर्ना तथा वैदेशिक अनुदान र ऋण रकमसम्बन्धी समयमै कारबाही हुनुपर्ने रकम सात खर्ब ८७ अर्ब ८६ करोड तीन लाख रहेको छ। यस वर्ष ६३ अर्ब १२ करोड ९५ लाख बराबरको बेरुजु सम्परीक्षण गरिएको उनले बताए । त्यसमध्ये संघीय सरकारी कार्यालयतर्फ ४७ अर्ब ४४ करोड ३५ लाख, प्रदेश सरकारी कार्यालयतर्फ एक अर्ब ७४ करोड १६ लाख, स्थानीय तहतर्फ सात अर्ब ८६ करोड ४२ लाख तथा समिति एवं अन्य संस्थातर्फ ६ अर्ब आठ करोड दुई लाख रहेको छ। वार्षिक प्रतिवेदन पेश गर्नुअघि कार्यालयबाट प्राप्त भएका सबै परीक्षण गरी संघीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय र स्थानीय तहसमेत गरी ९०२ वटा राय-सुझावसहितका प्रतिवेदन जारी गरिएको उनले जनाए।

लेखापरीक्षणको प्रभावस्वरूप यस वर्ष कुल १४ अर्ब ६३ करोड २७ लाख असुल भई सम्बन्धित राजस्व खातामा जम्मा भएको उनको भनाइ छ। त्यसमध्ये लेखापरीक्षणका क्रममा ५७ करोड ६९ लाख, प्रारम्भिक प्रतिवेदन पठाएपछि ९० करोड ४८ लाख तथा सम्परीक्षणका क्रममा १३ अर्ब १५ करोड १० लाख असुल भएको रायाले जानकारी दिए।

उनले लेखापरीक्षणलाई थप पारदर्शी, निष्पक्ष र गुणस्तरीय बनाउन वेबसाइट, एफएम रेडियो तथा भर्चुअल अन्तरक्रियामार्फत् सरोकारवालासँग समन्वय गरिएको जानकारी दिए । लेखापरीक्षणको क्रममा टोल-फ्री नम्बर र इमेलमार्फत् गुनासो लिने व्यवस्था समेत गरिएको थियो ।

SEE उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई तथा शुभकामना

भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

राष्ट्रकै अग्रणी शैक्षिक संस्था समुदायमा व्यवस्थापन भएको लुम्बिनी प्रदेश नमुना यस नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय देवीनगर, बुटवल ११, रुपन्देहीमा शैक्षिकसत्र २०८३/८४ को लागि कक्षा ११ मा विज्ञान, व्यवस्थापन (होटल व्यवस्थापन), सिभिल इन्जिनियरिङ्ग, कानुन र शिक्षा समूहमा भर्ना खुल्यो ।



- भर्ना फाराम वितरण: २०८३ बैशाख ३० गतेदेखि ।
- छात्रवृत्ति छनौट परीक्षा: २०८३ जेष्ठ ७ गते विहीवार विहान ८:०० बजे ।
- नतिजा प्रकाशन: २०८३ जेष्ठ ७ गते दिउसो २:०० बजे ।
- भर्ना प्रारम्भ: २०८३ जेष्ठ ८ गते विहान ६ बजेबाट ।

हाम्रा विशेषताहरू:

- लुम्विनी प्रदेश नमुना विद्यालय
- विज्ञान समूह अध्ययन गर्ने समस्त छात्राहरुलाई लुम्विनी प्रदेश सरकारबाट छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी संख्याको आधारमा नेपालमै पाँचौ स्थानमा पर्न सफल
- शिक्षा तथा मानवस्रोत केन्द्र अनुसन्धान तथा गुणस्तर सुधार शाखाबाट असल शैक्षिक अभ्यास (GEP) कार्यक्रममा नेपाल द्वितीय हुन सफल
- विज्ञान समूह संचालन भएका नेपालका ११४ विद्यालयहरुमध्ये छनौट हुन सफल
- ब्रिटिश काउन्सिलबाट International School Award 2017-2020 र 2021-2024 प्राप्त
- कलेज रिडर्सद्वारा दुवईमा Best Community School of Year 2022 प्राप्त
- राष्ट्रिय परीक्षा वोर्डद्वारा संचालित २०७८ को कक्षा १२ को वोर्ड परीक्षामा बुटवल उपमहानगरपालिकाबाट सर्वोत्कृष्ट भइ २ लाख नगद पुरस्कार प्राप्त गर्न सफल
- एमविविएस, सिभिल इन्जिनियरिङ, कृषि तथा वन विज्ञान अध्ययनरत संस्था, व्यवस्थापन, कानुन र शिक्षातर्फ उत्कृष्ट रुपमा छात्रवृत्तिमा छनौट हुन सफल, स्टाफ नर्स र खेल प्रशिक्षकको व्यवस्था
- २०८० को एसइइ परीक्षामा रुपन्देही जिल्लामै उत्कृष्ट केन्द्र घोषित
- शिक्षक तथा राष्ट्र सेवकका सन्ततिलाई छात्रवृत्तिको व्यवस्था
- विद्यार्थी हकहितका लागि नवीन विद्यार्थी क्लव भएको
- होटल व्यवस्थापनमा पढ्दै कमाउदै कार्यक्रम (ODC) व्यवस्था भएको
- राष्ट्रिय सेवादल सिनियर डिभिजन २०८२ मा उत्कृष्ट क्याडेट बन्न सफल

विस्तृत जानकारीका लागि
प्रेम बहादुर बस्नेत
प्रधानाध्यापक

नवीन औद्योगिक कदर बहादुर रीता माध्यमिक विद्यालय
देवीनगर, बुटवल-११, फोन: ०७१-४१०२१५, ४१०३४५, ९८५७०३१६७८, ९८५७०४२४०९

100% Scholarship for different categories GPA, Sports, Dance etc.

फाराम भर्न छुट्नु त भएन ?

एसईई (SEE) उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई !

ADMISSION OPEN for Grade 11




यस एभरेष्ट इ.बो. मा. वि. मा व्यवस्थापन सङ्कायमा बिहानी समूह तथा विज्ञान सङ्कायमा दिवा समूहका लागि कक्षा ११ मा भर्ना खुल्यो ।

फाराम वितरण २०८३/०१/२९ गतेदेखि

२ र ३ गते शनिबार र आइतबार पनि विद्यालय प्रशासन खुल्ला रहने छ।

प्रवेश परीक्षा: २०८३ जेठ ४ गते सोमबार बिहान - १०:०० बजे
नतिजा प्रकाशन: २०८३ जेठ ४ गते सोमबार साँझ - ४:०० बजे
भर्ना प्रारम्भ : २०८३ जेठ ४ नतिजा प्रकाशनपछि

प्रवेश परीक्षाका लागि बस छुट्ने समय

| | |
|---|---|
| कपिलवस्तु (ओदारी, ४ नं. बोडगाउँ, चप्परगाउँ र बनगाई) | बिहान ८:०० बजे |
| सालझण्डी, रामापुर, मुर्गिया, फर्साटिकर | बिहान ८:३० बजे |
| परासी बजार, बर्दघाट | बिहान ८:३० बजे |
| सुनवल, खैरेनी, चरङ्गे | बिहान ९:०० बजे |
| मणिग्राम, भलबारी तथा बुटवल उपमहानरपालिका क्षेत्रभित्र | बिहान ९:०० बजे |

नोट: प्रवेश परीक्षाको फर्मका लागि (SEE) ग्रेडसिटको कम्प्युटर प्रिन्ट १ प्रति अनिवार्य रुपले पेस गर्नुपर्ने छ ।

फोन नं. :०७१-५३५९६२, ९८६७१०९१४६, ९८५७०५९१५८, ९८४७५५१८००, ९८६८१८४९७६

एभरेष्ट इङ्लिस बोर्डिङ माध्यमिक विद्यालय
बुटवल -८, रुपन्देही

दैनिक लुम्बिनीको साप्ताहिक कोसेली

पाहुर

२०८३ जेठ ०२ गते, शनिबार

तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

**प्रेमपूर्वक चलाउने**
**अधिकारभित्रको कपालमा**
**एक थुँगा फूल सिउरिन**
**नसकेको समय**
**दुख्छ, यो समय दुख्छ**
**यहाँबाट पनि दुख्छ ।**

**– पूर्णविराम**

**('समय दुख्य यहाँबाट' कविताबाट)**

# विद्यावारिधी (पीएचडी) गर्न गुरु नपाएका सबैका गुरु बनेका गोपी गुरु !



झपेन्द्र जिसी




गोपीरमण उपाध्यायको जीवनका विविध आयाम २०८२ मा प्रकाशित ३५० पृष्ठको ग्रन्थ हो ।

-सातवटा आयाम केन्द्रित यो ग्रन्थमा पारिवारिक -जीवन, शैक्षणिक जीवन,

-राजनीतिक जीवन, लेखकीय जीवन,

-सहकार्यको जीवन, जजसको सद्भाव रह्यो, खेलप्रतिको आकर्षण, मप्रति राखिएको सद्भाव र सम्मानहरु अनुक्रमिकामा रहेका छन् ।

उहाँले ग्रन्थहरुको समालोचनादेखि अनेक पुस्तकहरु प्रकाशन गर्नु भएको छ । उहाँलाई के लाग्छ, आफू के हो जस्तो लाग्छ यो लेखकलाई थाहा छैन । कृतिहरुको अध्ययन गर्दा के देखिन्छ भने पूर्वीय दर्शनमा रहेको द्वन्द्वात्मक भौतिकवादलाई उहाँले मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको साँचोमा ढालेर लेखन र अनुवाद र व्याख्या गर्दा नेपाली राजनीतिक अध्येताहरु लाभान्वित भएको पाइन्छ । जीवनमा आफूले धेरैको संगत र सहकार्य गरे पनि रामचन्द्र चापागाईंले वर्गदृष्टिकोणमा ढाल्न खेलेको भूमिका र क. पुष्पलालसँगको निकट सम्बन्ध र उहाँकै मार्क्सवादी अध्ययन र लेखन पाठशाला बनारसमा (२०२९-२०३२) सम्म प्रवेश भएपछि जीवनको नयाँ मोड आएको र नयाँ क्षितिज उघ्रेको ग्रन्थमा उल्लेख छ । वैषणव प्रभाव रहेको किचनास गाउँ समाज र वैषणव परिवारमा हुर्के बढेका गोपीजीमा मार्क्सवादी साहित्य अध्ययनले जीवन दर्शनमै परिवर्तन ल्याएको ग्रन्थमा उल्लेख छ ।

बाबा हरिप्रसाद उपाध्याय र आमा उमादेवी उपाध्यायको कोखबाट २००३ सालमा स्याङ्जा जिल्ला हालको विरुवा गाउँपालिका किचनासमा जन्मेका बालकको न्वारनको नाम गोपीरमण उपाध्याय हो । वैषणम धर्म संस्कार अनुरुप गोपीरमण नाम हुन गएको देखिन्छ । अब तत्कालीन अवस्थामा ग्रामीण क्षेत्रमा प्राथमिक विद्यालय समेत नभएको हुँदा बाबु आमाको बात्सल्य र शिक्षाप्रतिको गहिरो अभिरुचिका कारण आमाले ल्याइदिएको कालो ढुंगा सिलोटमा आमा स्वयंले अक्षराम्भ गरिदिएको ग्रन्थमा उल्लेख हुनुले आमा बाबुले तत्कालीन अवस्थामा कम्तिमा पनि साक्षर भएको देखिन्छ । आमा बाबुले भागवत् भजन गर्नु, अतिथि सत्कार गर्ने सरल व्यवहार भएको ग्रन्थमा पाइन्छ । यसरी २००८ सालतिर आइपुग्दा अर्थात् बाह्रखरी र अंक सबै आफूले जानिसकेको भनी उनले प्रकाश पारेका छन् । त्यसपछि छोरालाई थप शिक्षा प्रदान गर्न तुलसीरमण गुरुलाई घरमै बोलाएर पढाउन लगाउनु भएको हो । त्यो विषयमा आफू अज्ञात रहेको ग्रन्थमा उल्लेख छ । २०११ सालमा मलाई आफूबाटै गुरुकहाँ ज्योषित सिक्न पठाउनुभयो । हाम्रो घरबाट त्यहाँ पुग्न दुई घण्टाको उकालो हिंड्नु पर्ने हुँदा आमाले भैंसीलाई कुँडो पकाउने चुलो मुनि कोदाको ढिंडो ओडालेर खुदोसित खुवाउनुहुन्थ्यो । मेरो सहयात्री साथी दामोदर हुन् । २०१२ सालतिर गावैंमा चक्रबहादुर खाँड र दण्डपाणी गुरु समेतले पढाउने गरी समुदायले स्थापना गरेको विद्यालयमा पढियो । २०१३ सालमा भने जैसी डाँडाको हाम्री कान्छी फूपूको घरमा बसेर त्यहाँ स्थापित मातृभूमि स्कूलमा ४ कक्षामा म र दामोदर पढ्न थाल्यौं । रिपका पाखामा अंग्रेजी पढ्न गएको पनि सम्भेका छन् । उनले पारिपट्टी रातोपाटीको जुलुसले झण्डावाद भनेको पनि सुनेका रहेछन् । झण्डावाद भनेको जिन्दावाद रहेछ । राणाशाहीको अन्त्य होस् र मूर्दावाद पनि भनेका थिए । त्यसै क्रममा एक जना त विद्यालयमै आएर यहाँ सबैभन्दा जाने विद्यार्थी को छ भनी सोध्दा सुरुमा उनी डराए पनि ३ मोहर १ रुपैयाँ पचासको इनाम पाउँदा आफू फुरुङ्ग भएको रोचक प्रसङ्ग पनि छ । इनामले शिक्षाप्रतिको गहिरो अभिरुचि उहाँमा बढ्नु स्वाभाविकै थियो । हाम्रो गाउँ किचनासमा षडशास्त्रका विद्वान नारायणनन्दजी आएर पारि चौतारीमा भागवत गीता प्रचवन दिनुभयो । हाम्रो बाबा जेठा बाबा सबै प्रचवन सुन्न जानुभयो । शिक्षाप्रेमी र राजनीतिक व्यक्तित्वमध्ये पहिलो पुस्तामा दण्डपाणी उपाध्याय, तुल्सीरमण न्यौपाने, जिम्माल एकनारायण, चक्रबहादुर खाँड, हरिप्रसाद शर्मा रहेको र पछिल्लो पुस्ताका टंकप्रसाद चापागाईं, रामचन्द्र चापागाईं(कम्युनिष्ट नेता), टंकप्रसाद पोखरेल, चन्द्रकुमार उपाध्याय, कल्याणकुमार पोखरेल, ठाकुरप्रसाद पोखरेल र दीपक अधिकारी आदि हाम्रा साझा बारीमा उहाँहरुको प्रेरणा र प्रयासबाट देववाणी विद्यालय स्थापना भएको थियो । हाम्रो वाग्ले खलक र यहाँका गुरुहरुको भागवत गीताप्रतिको अगाध माया र ईश्वरप्रतिको भक्तिभावले गर्दा विद्यालयको नाम देववाणी रहन गएको प्रकाश पार्नु भएको छ ।

हाम्रो परिवारपूर्ण प्रजातान्त्रिक थियो । स्मरणीय छ २०१५ सालको संसदीय आम निर्वाचनमा षडशास्त्री महाराजको आज्ञ बचनलाई शिरोपर गरी आमाले गोरखा परिषद्लाई बाबाले नेपाली कांग्रेसलाई भोट दिनुभएको थियो । तनहुँबाट कम्युनिष्ट नेता एकदेव आलेको किचनासमा आइजाइ भए पनि उम्मेदवार थिएन । कांग्रेसबाट जगमान गुरुङ्ग उम्मेदवार भएको सम्भना छ भनी प्रकाश पारेका छन् । यसरी नै वाग्ले वंश वृक्षका तुलसीरामका दुई भाइ छोरामध्ये जेठा मोदनाथ शास्त्री र कान्छा दामोदर त आरुबोट सँगसँगै जाने साथी पनि हन् । मोदनाथ शास्त्री चर्चित महाकाव्यकारमा दर्जित छन् । सिम्लेका लालबहादुर लप्टन (मगर) ले आफू पल्टनबाट घर आउँदा ल्याउनु भएको महाभारत बाबाले मागेर ल्याउनुभएछ । बाबाले मलाई सो पुस्तक वाचन गरेर सुनाउन लगाउनु भयो र पटकपटक सुनाएँ । मलाई पनि पौराणिक साहित्यमा अनुराग बढ्दो र ज्ञात पनि भयो ।

२०१६ सालमा बाबा हरि उपाध्याय आमा उमाको कोखबाट जन्मिएका चार भाइ छोराहरु जेठा बासुदेव शरण, माहिला दुर्गा, साइला स्वयं गोपीरमण उपाध्याय र कान्छा धरणी उपाध्याय हुन् । उनको सिंगो परिवार मात्र होइन, त्यो बेला किचनास ग्रामीण क्षेत्रमा वैषणम संस्कारको पकड रहेछ । त्यसैले वैषणम परम्पराअनुसार नाममा शरण, रमण आदि उल्लेख भएको देखिन्छ । आमाबाबाको र दाजु बासुदेव शरणको प्रेरणाले गोपीरमणले ग्रामीण क्षेत्रमा बसेर गुरुकुल शिक्षा हासिल गर्नु भयो ।

जेठा दाजु बासुदेव शरणसँग वृन्दावन र मथुरामा गएर मध्यमा र उत्तरमध्यमा उत्तीर्ण गर्नुभयो भने उच्च शिक्षा भने उहाँले वनारसमा शास्त्री वाणारसेय संस्कृत विश्वविद्यालयबाट र काशी हिन्दुविश्वमा अध्ययन गर्नुभएको हो । एकसाथ दुवै विश्वविद्यालयमा अध्ययन गरे पनि परीक्षा तालिका मिति एकै दिन परेकाले वाणारसेय विश्व विद्यालयबाट शास्त्रीय प्रथम वर्षको परीक्षा दिई पास गर्नु भएको रहेछ । यसरी अर्को वर्ष शास्त्री द्वितीय वर्षको परीक्षा पास गर्नु भएछ । यसरी अध्ययन गर्ने क्रममा संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा आचार्य अर्थात् स्नातोकत्तर २०२९ सालमा उत्तीर्ण गरेको लेख्नु हुन्छ । अध्ययनका क्रममा पुस्तक नहेरी कण्ठस्थ अध्यापन गराउने प्रकाण्ड विद्वान् गुरुहरु जगदीश चन्द्र, शिरोमणि गुरु, रणजित गुरुसँग आफू निकै प्रभावित भएको लेख्नु भएको छ । महाकवि वाण भट्टको कादम्बरी, जगदीश गुरुले र नैषध महाकाव्यलाई रणजित गुरुले सरल ढंगले पढाएको स्मरणमा रहेको हुँदा आचार्य गरेपछि नैषध महाकाव्यमै पीएचडी (विद्यावारिधी) गर्ने सोंच बनाएको थिएँ । तर विद्यावारिधी गर्न कुनै गुरु पाइन । मनको धोका रहयो मनैमा भनेझैं भयो भनी अभिव्यक्त गर्नुभएको छ । काशी हिन्दू विश्वविद्यालय र वाणारसेय संस्कृत विश्व विद्यालय र सन्यासी संस्कृत विश्वविद्यालयमा संस्कृत साहित्यमा गहिरो दखल गर्नु भएका गोपीरमण उपाध्याय अहिले त सबैका गुरुका रुपमा सम्मानित र सम्बोधित हुनुहुन्छ ।

गुरु गोपीरमणको पुष्पलालको डेरा पाठशालामा भर्ना भएपछि नै द्वन्द्वात्मक भौतिकवादको अध्ययनले नयाँ दर्शन दृष्टिकोण प्राप्त हुँदा जीवन नै वैज्ञानिक लेखनतर्फ मोडियो ।

आफ्नै गाउँघरे गुरुकुल शिक्षण पद्धतिबाट प्रारम्भिक शिक्षा हासिल गरेका गुरु जेठा दाजु बासुदेव शरणको साथ लागि निम्न माध्यमिक शिक्षा, माध्यमिक शिक्षा र उच्चस्तरीय शिक्षा हासिल गर्न मथुरा वृन्दावन र वनारस जानुभएको र त्यतैबाट संस्कृत साहित्य र पूर्वीय दर्शनमा आचार्य पास गर्नुभएको माथि पनि उल्लेख गरिएको छ ।

त्यो भेलाको छलफलबाट थाहा भयो गुरुहरु कांग्रेस र युवाहरु कम्युनिष्ट एवम् प्रगतिशील रहेछन् । हुकुमी राणा शासनको अन्त्य गर्ने उद्देश्य सबको एउटै भए पनि पार्टीहरु वा विचारहरु फरक फरक हुँदा रहेछन् भन्ने पनि मलाई थाहा भयो । समय २००७ साल सेरोफेरोको हो । पारि पाखा डाँडामा एक दिन जुलुस देखियो । एक जनाले आकाशतिर हात उठाएर ठूलो स्वरमा झण्डावाद भनेर भट्र्याउने र जुलुसले झन् ठूलो स्वरमा झण्डावाद भनेको सुनियो देखियो । रहेछ के भने बहुदलीय प्रजातन्त्र जिन्दावाद र राणाशाही मूर्दावाद !

स्मरणीय छ वनारसमा रहँदाबस्दा र अध्ययनरतदेखि नै राजनीतिक कखरा सुरु गरेको थिएँ । मैले कांग्रेस र कम्युनिष्टको राजनीति भिन्नताबारे थाहा थिएन । मेरो प्रथम राजनीतिक गुरु प्रदीप गिरी हुनुहुन्थ्यो । तर वर्गीय राजनीतिक चरित्रबारे बुझेको थिइनँ ।

२०२६ सालमा वनारसबाट बिदामा घर आउँदा विद्यालयको हिसाब किताबको विषयलाई लिएर ठूलै कचिङ्गल भएको रहेछ, विद्यालयको प्राङ्गणमा भद्र भलादमी जुटेका थिए । मेरा आदरणीय प्रारम्भिक गुरुहरु दण्डपाणी, चक्रबहादुर खाँणलगायत एकातर्फ र अर्कोतर्फ युवाहरुको जमात थियो । युवाहरुको नेतृत्व रामचन्द्र चापागाईंले गर्नुभएको थियो । निचोडमा विद्यालयका गुरुहरुले हिसाब किताब तिर्नु पर्ने भयो । त्यहाँ गुरुहरुप्रति अभद्र व्यवहार गर्ने आवाज उठ्दा मैले सभ्य सभामा अपशब्द कुरा गर्न हुन्न भनेर के मात्र भनेको थिएँ । मलाई पछाडिबाट कुन्नी कसले हो कालो मोसो घसेर जुत्ताको माला लगाइदिए । मैले प्रतिवाद गरिनँ । पछि गुरुहरुले कालो मोसो घस्नेलाई कारबाहीको माग गरी एउटा उजुरीमा सही गर्न लगाउनु भयो । मैले अनिच्छापूर्वक सही गरिदिएँ । पछि मेलमिलाप भएछ ।

पछि रामचन्द्र चापागाईंले मलाई भन्नुभयो - नेपालमा ३ किसिमका राजनीतिक शक्ति छन् । राजाले नेतृत्व गरेको पञ्चायती शक्ति, बीपीले नेतृत्व गरेको कांग्रेसी शक्ति र पुष्पलालले नेतृत्व गरेको कम्युनिष्ट शक्ति भनेर अर्थ्याउँदै कार्लमार्क्स एंगेल्स लिखित विश्व प्रसिद्ध कम्युनिष्ट घोषणापत्र दिनुभयो । उहाँकै सम्पर्क माध्यमबाट म पुष्पलालको सम्पर्कमा मात्र पुगिन । पुष्पलालकै मार्क्सवादी पाठशालामा पुग्नुका साथै हाम्रो भान्छा पनि २०२९ देखि २०३२ सम्म एउटै बन्यो । कमरेड पुष्पलालकै सल्लाहबाट म नेपाल फर्किएको हुँ । उहाँ भन्नु हुन्छ ।

**मेरो प्रेरक व्यक्ति र व्यक्तित्वहरु**

राजनीतिक गुरुः समाजवादी चिन्तक र लेखक प्रदीप गिरीबाट मैले वनारसबाट सामान्य राजनीति बुझे ।

पुष्पलाल मार्क्सवादलाई नेपाली माटोमा प्रथम प्रयोग गर्नु हुने गुरु कमरेड पुष्पलाल नै हुनुहुन्थ्यो । द्वन्द्वात्मक भौतिकवाद सैद्धान्तिक र सिर्जनात्मक व्याख्या गरेर मलाई प्रेरित र अध्ययन अनुसन्धान र अनुवाद गर्न उहाँले नै लगाउनु भएको हो ।

किचनासकै रामचन्द्र चापागाईं जसले हुकुमी पञ्चायती कालमा दरभङ्गाबाट कमरेड पुष्पलालको अस्तु/कलस प्लेनबाट त्रिभुवन एयरपोर्टमा ल्याई आफ्ना कमरेडहरुलाई बुझाउन सफल साहसी व्यक्तित्व रामचन्द्र चापागाईं पनि मेरा प्रारम्भिक मार्क्सवादी गुरुका रुपमा मन मन्दिरमा हुनुहुन्छ ।

आफूले मदनमणि दीक्षितलाई आधुनिक युगको द्वन्द्ववादी ऋषिमहर्षिको रुपमा अंगिकार गरेको लेख्नु भएको छ ।

सञ्जय थापा उर्फ प्रदीप नेपालको वाङ्मयअन्तर्गत कविता, गीत, कथा, उपन्यास र नाटक लेखनबाट आफू निकै प्रभावित भएको उल्लेख छ । नख्खु जेल विद्रोह गरी लुम्बिनी क्षेत्रमा भूमिगत नेताका रुपमा आउनु भएका कुशल संगठक प्रदीप नेपाल पार्टी नाम, सिन्धु, आदिले मेरै घरमा संरक्षित हुनुभयो । भुल्न सक्दिन यसरी नै मार्क्सवादको नवीन व्याख्यता एवं जबजका प्रतिपादक मदन भण्डारीको लेखन र व्याख्यानशैली त अद्वितीय रहेको स्मरणीय छ ।

जीवराज आश्रित भूमिगत कालमा समेत संगठन विभागको प्रमुख र कुशल संगठकको रुपमा सुपरिचित क. आश्रित (समीर) सँगको सम्बन्ध पनि अत्यन्त प्रेरक रहयो । भूमिगतकालमै सम्पर्कमा आउनुभएका गोपाल शाक्य (विकास वा विक्रम थापा)लाई पनि अत्यन्त राम्रो मार्क्सवादी चिन्तक, व्याख्याता र संगठक नेता, लुम्बिनीका इञ्चार्जसँग पनि राम्रो बस उठ भयो र क्रान्तिप्रति अगाध प्रतिबद्धता रहेको पाएको हुँ । स्मरणीय छ एक पटक गोपीजीले मार्क्सवादसम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको रहेछ । उक्त कार्यपत्रमा ईश्वरसम्बन्धी मिथ्या अवधारणाको चर्चा गर्दै अवतारवादको चिरफार गर्नु भएको छ । राजा र राजतन्त्रको स्थापनापछि ईश्वर र अवतारको सुरुआत भएको द्वन्द्वात्मक भौतिकवादी विश्लेषण गर्नु भएको छ । आदिम कालीन संघ (सामूहिक जीवन पद्धति) सामूहिक यज्ञाग्नि पद्धतिको विघटन भई गृज्ञाग्नि पद्धति अर्थात् व्यक्तिवादी पद्धतिलाई सुरुभएपछि त्यो व्यक्तिवादी जीवन पद्धति/ उत्पादन पद्धति अन्त्य भई नयाँ पद्धतिको संरक्षण गर्न राजाको सुरुआत भयो । त्यही राजालाई ईश्वरको अवतार भन्न थालियो । यसलाई अवतारवाद भनिन्छ ।

मोहन वैद्य किरण लेख्नुहुन्छ- यो कार्यपत्रमा गोपीजीले चारवटा पदावली- दर्शन अन्तर्वस्तु, भौतिकवाद र आध्यात्मबाट उल्लेख गर्नु भएको छ । दर्शनलाई हिमाली उपमहाद्वीपमा संयक् दृष्टि र प्राचीन युनानमा ज्ञानको प्रेमको रुपमा प्रयोग गरेकै पाइन्छ । दर्शन भनेको प्रकृति, समाज र चिन्तनको सामान्य ज्ञान हो । यस्तो ज्ञान सत्य वा मिथ्या कुनै एक प्रकारको हुन सक्छ । दर्शनको वास्तविक उद्देश्य सत्यको प्राप्ति हो । दर्शनको अन्तर्वस्तु मूलतः सामाजिक तथा भौतिक यथार्थमा आधारित हुन्छ । दर्शनको अन्तर्वस्तुअन्तर्गत पदार्थलाई र सामाजिक गतिविधिलाई चेतनाको स्रोत मान्ने अध्यात्मवादी र पदार्थ समाजलाई चेतनाको स्रोत मान्ने भौतिकवाद र भौतिकवादी अर्थात् चेतना र पदार्थलाई गौण मान्नेलाई आत्मवादी भनेर गोपीजीले उल्लेख गर्नुभएको छ । लेखकले दर्शनको अन्तर्वस्तु स्थिर होइन, समाजको विकाससँगै दर्शन पनि विकास हुन्छ । दास युगकोप्रति विधि र मुलुक दर्शन बहुदेवतावादमा आधारित विचार हो । सामन्तवादी युगको प्रतिनिधि विचार एकेश्वरवाद हो । पुँजीवादी युगको दार्शनिक विचार एकेश्वरवाद हो । पुँजीवादी युगको दर्शनको प्रतिनिधिमूलक विचार दर्शन यान्त्रिक भौतिकवाद हो । समाजवादी युगको दर्शन वैज्ञानिक भौतिकवाद हो ।

लेखकले मार्क्स, एंगेल्स, लेनिनले द्वन्द्वात्मक भौतिकवादको संयक् व्याख्या गर्नु भएको उल्लेख गर्दै समाजवादी युगको वैज्ञानिक दर्शन बाहेक अरु तीनवटा युगका दर्शन विचार शोषणका अस्त्रशस्त्र हुन् । वर्गीय समाज रहेसम्म माथिल्लो वर्गले श्रमिक वर्गलाई शोषण गरिरहने कुरा बडो प्रष्टसँग लेखकले व्याख्या गरेका छन् । यसरी नै राजनीतिज्ञ कम्युनिष्ट नेता झलनाथ खनालले गोपी गुरुको अवधारणापत्र आफैमा एक ऐतिहासिक दार्शनिक रचना हो भन्नु भएको छ । मोहन विक्रम सिंहले गोपीरमण उपाध्यायको लामो समयदेखि महत्वपूर्ण योगदान रहँदै आएको छ । यज्ञाग्नि आधारित सामाजिक जीवन विघटित भएर जब व्यक्तिगत सम्पत्तिमा आधारित गह्याग्निको जीवन प्रारम्भ भयो । यस अवस्थामा निजी सम्पत्तिलाई संरक्षण गर्न राजा र राज्यको उत्पत्ति भयो भनी गोपीरमणको कार्यपत्रमाथि टिप्पणी गर्दै समर्थन गर्नुभएको छ ।

युवराज ज्ञवाली मार्क्सवादी दर्शन एवम् पूर्वीय दर्शनका ज्ञाता वामपन्थी बुद्धिजीवी क. गोपीरमण उपाध्यायले नेपालको कम्युनिष्ट आन्दोलनमा लामो समयदेखि महत्वपूर्ण योगदान पुऱ्याउनुभएको छ ।

आफ्नो सम्पर्कमा आएका केही महत्वपूर्ण व्यक्तिहरु आनन्द भट्ट, क. विष्णु पौडेल,क.घनश्याम भुसाल, क.झपेन्द्र जिसी, क.ऋद्धि प्याकुरेल, क.नेतृत्व पन्थी,डा. बालकृष्ण चापागाईं, विजय पौडेल आदि । यो छोटो लेखमा सबैको नाम उल्लेख गर्न सम्भव भएन । जीवनका विविध आयाम खोजेर पढे राम्रो हुनेछ ।

दर्शनको क्षेत्रमा गोपीरमण उपाध्यायको योगदान शीर्षकमार्फत् लेखकलाई साझा व्यक्तित्वको रुपमा चर्चा गर्नु भएको छ । पत्रकार ऋषि आजाद, रामचन्द्र श्रेष्ठ र दलबहादुर गुरुङ्गले पनि गोपीजीबारे उच्च मूल्यांकन गर्नु भएको छ ।

अन्त्यमा गोपी गुरुले नेपाल प्रज्ञा प्रतिष्ठानबाट लेखन र प्रकाशन गर्नुभएको प्राकृतिक भौतिकवाद सबैभन्दा अमर कृति हो र सबैले पढ्नुपर्ने ग्रन्थ हो भन्ने यो लेखकको पनि ठहर रहेको छ । त्यसो त उहाँले दर्शनका क्षेत्रमा पुऱ्याउनुभएको योगदान र अन्य रचना पनि उत्तिकै महत्वपूर्ण छन् ।

दैनिक लुम्बिनी
रु.जि.हु.द.न.१३/०६३/०६४

# १९औं पुराण



जंगबहादुर शाह

(भारतवर्षमा १८ वटा पुराणहरू छन् । पूराणको शाब्दिक अर्थ पूरा कथा हुन्छ । ती १८ पुराणमा भारत वर्षका मानिसको विश्वास, आस्था र मिथहरूका कथाहरू छन् । यस्तै मिथक कथा ग्रीक र रोममा पनि छन् । जंगबहादुर शाहले ग्रीक र रोमका मिथकहरूलाई १९औं पुराणको संज्ञा दिएर लेखन गर्नुभएको छ। पाश्चात्य साहित्य र संस्कृति बुझ्न यी मिथकहरुको जानकारी अत्यावश्यक छ। पाश्चात्य साहित्य अध्ययनको उद्देश्यलेशाहकृत १९औं पुराणमा संकलित ग्रीक र रोमका मिथकहरू '१९औं पुराण' स्तम्भ अन्तर्गत पाहुरका पाठकहरूलाई पस्किदैं जानेछौं । यहाँ शुरुवाती दुई कथाहरू छन् । )

## १) रोमन देवी–देवता

अहिलेसम्म बताइएका देवी-देवता ग्रीसेली हुन् । उनको मान्यता रोमनजगत्मा पनि थियो । अब वर्णन गरिने देवताहरू विशेषगरी रोमन वा रोमेली पुराकथासँग सम्बद्ध छन् ।

स्याटर्न इटलीका पुराना देवता हुन् । यिनको पहिचान ग्रीसेली देवता क्रोनोसका रूपमा गरियो र उनीबारे दन्त्यकथा बनाइयो कि जूपिटरले उनलाई सत्ताच्युत गरेपछि उनी भागेर इटली गए जहाँ उनले केही समयसम्म राज गरे र उनको राज्यकाललाई स्वर्णिम युग मानियो । उनको कल्याणकारी राजको स्मृतिमा प्रत्येक वर्ष शरद्ऋतुमा स्याटर्नेलिनया (Satarnalia) नामक भोजको आयोजना गरिन्थ्यो। त्यस अवसरमा अन्य सारा सामाजिक क्रियाकलाप स्थगित गरिन्छ । युद्धको घोषणा र अपराधीहरूलाई ज्यान सजाय स्थागित गरिन्थ्यो । त्यस अवसरमा अन्य सारा सामाजिक क्रियाकलाप स्थगित गरिन्थे । युद्धको घोषणा र अपराधीहरूलाई ज्यान सजाय स्थगित गरिन्थ्यो। त्यस अवसरमा अन्य सारा सामाजिक क्रियाकलाप स्थगति गरिन्थे। युद्धको घोषणा र अपराधीहरूलाई ज्यान सजाय स्थगित गरिन्थ्यो । मित्रहरू परस्पर उपहार आदान-प्रदान गर्दथे र दासहरूसँग पनि धेरै उदार व्यवहार गरिन्थ्यो । तिनीहरूलाई भोज खुवाइन्थ्यो । तिनीहरू टेबलमा बस्दथे र तिनका स्वामीहरू तिनका लागि भोजन पस्कन्थे । त्यसो गरेर ती स्वामीहरू यो देखाउन चाहन्थे कि प्राकृतिकरूपमा सबै मानुष बराबर हुन् र स्याटर्नको राजमा सबै थोकमा सबैको सामान अधिकार छ।

फाउनस् (Faunus) स्यार्टनका पौत्र थिए । चरन र गोठालाका रूपमा उनलाई पूजा गरिन्थ्यो । सबै उनलाई भविष्यवक्ता देवताका रूपमा मान्दथे । यिनै देवताको बहुवचन रूप फाउन्स् (Fauns) लाई ग्रीसेली देवता स्याटरजस्तै शिकारी दवता मानिथ्यो।

क्विराइनस् (Quirinus) युद्धका देवता थिए। भनिन्छ कि यिनी अरु कोही नभई रोमका संस्थापक रोम्युलस् (Romulus) हुन् जसलाई उनको मृत्युपछि त्यस्तो देवत्व प्रदान गरियो । युद्धका देवतासँग युद्धकी देवीको पनि कल्पना गरियो। ती देवीको बेलौना (Bellona) थियो।

टर्मिनस् (Terminus) सीमाचिह्नका देवता थिए। उनको मूर्ति अछन्दको ढुङ्गा वा खम्बा हुन्थ्यो जो भूमिलाई चिन्हित गर्न अथवा भूमिसीमा-निर्धारकका रूपमा गाडिन्थे।

प्यालिस् (Poles) गाई-गोरु र चरनकी देवी थिइन्।

पौमौना (Pomona) फल-वृक्षकी अधिष्ठात्री थिइन्।

फ्लौरा (Flora) पुष्पकी देवी थिइन्।

ल्युसिना (Lucina) शिशुजन्मकी देवी थिइन्।

वेस्टा- Vesta (ग्रीक हेस्टिया-Hestia) सार्वजनिक र घरायसी चुल्हो वा भट्टीको देवी थिइन्। उनको मन्दिरमा वेस्टल (Vestal) भनाइने छओटी कुमारी पुरोहितहरूले पवित्र आगो बालिरहन्थिन् । यस प्रज्ज्वलित आगोको सम्बन्ध नगर-सुरक्षासँग भएकोले ती कुमारी पुरोहितहरूका लापरवाहीका कारण आगो निभेको खण्डमा तिनलाई कडा दण्ड दिइन्थ्यो र सूर्य-किरणद्वारा फेरि अग्नि प्रज्ज्वलित गरिन्थ्यो।

लाइवर (Liber) ल्याटिन् वा रोमन् नाम हो ग्रीसेली कथाकस्को।

रोमन् अल्साइबर (Muleiber) ग्रीसेली वल्कनका पर्याय हुन्।

जेनस् (Janus) स्वर्गका ढोके वा द्वारपाल हुन्। उनी महिनालाई उघार्दछन् र त्यसकारण नै पहिलो महिनाको नाम उनको नामजस्तै जेनुअरि राखियो। तिनी स्वर्गका फाटक वा द्वारका संरक्षक देवता हुन् । प्रत्येक ढोकाबाट भित्र-बाहिर, दुवैतिर देखिने भएकाले उनलाई दुईटाउके भएको कल्पना गरियो। रोममा उनका धेरै मन्दिरहरू थिए । लडाइँको समयमा त्यहाँका प्रमुख मन्दिरका कपाट सदा खुल्ला रहन्थे। शान्तिकालमा ती ढोकाहरू बन्द गरिन्थे। त्यसरु न्यूमा (Numa) र आँगस्टस् ९ब्गनगकत० को रजाइँको बीचमा त्यस मन्दिरका ढोका एकपटक मात्र बन्द गरिएका थिए।

पेनाटेस् (Penates) लाई परवार-कल्याण र समृद्धिका देवता मानिन्थ्यो । उनको नाम पेनस् (Panus) अर्थात् भान्सेको कोठा (पाकशाला होइन) उबलतचथ बाट बनाइएको हो जो कि उनीहरूको लागि पवित्र स्थान थियो। प्रत्येक गृहस्वामी आफ्ना घरका पेनाटेस्का पुरोहित वा पुजारी हुन्थे।

लेरीज (The Lares) अथवा लार्ज (Lars) पनि घरेलू देवता थिए । तर, तिनीहरू पेनाटेसभन्दा भिन्न थिए किनकि तिनीहरूलाई मृत आत्माहरूका देवीकृत रूप मानिन्थ्यो । पारिवारिक लार्जलाई दिवंगत पुर्खाहरूको आत्मा मानिन्थ्यो जसले आफ्ना सन्ततिको देखभाल र संरक्षण गर्दथे। अंग्रेजी भाषको गौस्ट् (Ghost) अर्थात् आत्मासँग लीमर (Lemur) र लार्वा (Larva) को धेरै अर्थसाम्य छ।

रोमनहरूलाई विश्वास थियो कि प्रत्येक पुरुषको आफ्नो जीनिअस् (Genius) र प्रत्येक महिलाको आफ्नो जूनौ हुन्छ। ती जीनिअस र जूनौलाई शक्ति मानिन्थ्यो जसले नरनारीहरूको आजीवन संरक्षण गर्दथे। जन्मदिवसको शुभ अवसरमा पुरुषवर्गले जीनिअस्लाई र नारीवर्गले जूनौलाई बलि चढाउँदथे।

हामीले माथि स्याटर्नका पौत्र फानस्को जिकिर गरेका थियौं । यिनकी बहिनीको नाम फाउना (Fauna) थियो। अंग्रेजी भाषामा Flora र Fauna प्रायः सँगसँगै आउने शब्द हुन् । जसरी फ्लोरालाई पुष्पकी देवी मानियो त्यस्तै गरी रोमनहरू फाउनालाई पशुजगत्की देवी मान्दथे । यिनको अर्को नाम बौना डिअ् (Bona Dea) हो।

## २. प्रामीथिऊस् र प्यान्डोरा

संसारको सृष्टि यस्तो विषय हो जसले मानिसमा धेरै जिज्ञासा जगाउँदछ किनकि मानिस यसै संसारको बुद्धिमान् प्राणी हो । पुराना अक्रिस्तानी धर्मावलम्बीहरू सृष्टि-सम्बन्धी कथाहरू आफ्नै कल्पना अनुसार गर्दथे जो यस प्रकार छ–

आकाश, पृथ्वी र समुद्रको निर्माण हुनुअघि सबैकुरा एउटैमा समाहित थिए जसलाई हामी केऔस् अर्थात् गाजेमाजे वा आकारहीन पिण्ड-केवल भारहीन पिण्ड भन्दछौं र जसमा सृष्टिका बीज सुषुप्तावस्थामा विद्यमान थिए। त्यहाँ पृथ्वी, समुद्र र वायु मिसिएका थिए। त्यसकारण भूमि ठोस थिएन, समुद्र द्रवीकृत थिएन र वायु पारदर्शी थिएन। पुरुष अर्थात् परमेश्वर र प्रकृतिले अन्ततः त्यहाँ दखल दिए र पृथ्वीलाई समुद्रबाट र आकाशलाई दुवैबाट अलग गरेर त्यस भद्रगोलको अन्त्य गरे। आगोजस्तो तातो भाग सबभन्दा हल्का हुने भएकोले माथि उफ्रियो र आकाशमा परियणत भयो। भार र स्थानमा वायुको क्रम दोस्रो रह्यो भने, पृथ्वी गुर्नी भएकोले तल झऱ्यो र पृथ्वीलाई आफूमाथि तहराउन थाल्यो।

त्यस्तो अवस्थामा कुनै अज्ञात देवताले पृथ्वीमा व्यवस्था कायम गर्न थाले। उनले नदी र खाडीहरूलाई तिनको निश्चित स्थान बनाए, पहाड बनाए, जंगल र झरना बनाए, उर्वर र भूमि र ढुङ्गे मैदान बनाए। नाउको प्रदूषण कम भएपछि ताराहरू देखिन थाले। माछाहरूले समुद्र ओगटे भने चराचुरुंगीले हावा र चारखुट्टे प्राणीले कब्जा गरे।

त्यति भइसक्दा पनि सृष्टि त अपूर्ण नै रह्यो । त्यहाँ एउटा उदात्ततर प्राणीको आवश्यकता भएकोले मनुष्यलाई बनाइयो। यो कसैलाई थाहा छैन कि सृष्टिकर्ताले उसलाई दैवी पदार्थले बनाए वा उसको निर्माण पृथ्वीमा भयो जो हालसालै आकाशबाट अलग भएकोले त्यसमा त्यतिबेला पनि केही दैवी गुण विद्यमान थिए। प्रामीथिऊस् (Prometheus)ले अलिकति माटो पानीमा मुछेर देवगणको अनुकृतिमा मानव नर बनाए। उनले त्यसलाई सोझोगरी उभिने बनाए ताकि अन्य प्राणीले घोप्टो परेर भुइँ हेर्छन् भने त्यसले आफ्नो शिर ठाडो पारेर आकाश र ताराहरू हेर्न सकोस्।

प्रामीथिऊस् टाइटन थिए। त्यो महाकाय जाति मानवरचनापूर्व नै पृथ्वीमा बस्दथ्यो। प्रामीथिऊस् र उनका भाइ एपिमीथिऊस् (Epimetheus)लाई मानव बनाउने जिम्मा दिइएको थियो। मानवलाई एउटा निरीह प्राणी मात्र बनाएर काम नचल्ने भएकोले तिनीहरूले त्यस प्राणीमा आफ्नो सुरक्षा गर्न सक्ने क्षमता पनि भर्नु थियो। एपिमीथिऊस्ले त्यो काम सिद्धिएपछि निरीक्षण गर्ने जिम्मा लिए। आफ्नो जिम्मेदारीअनुसार एपिमीथिऊस्ले विभिन्न प्राणीहरूमा नानाभाँतिका गुण भर्न थाले। ती गुण थिए- साहस, शक्ति, फूर्ती र बुद्धि। उनले कसैलाई पखेटा दिए त कसैलाई पंजा र कसैलाई कवचजस्तो कठोर खोल। जब सर्वोत्तम गुणसम्पन्न प्राणी बनाउने कुरा आयो तब एपिमीथिऊस्सँगग दिनाका लागि केही शेष नै थिएन किनकि उनी फिजूलखर्चजस्ता उदार थिए। के गरुँ- कसो गरुँ भएपछि तिनी आत्तिएर दाइ प्रामीथिऊस्को शरणमा पुगे । भाइको समस्या-समाधान गरिदिन उनी मिनर्वाका सहायताले आकाशमा उडे र माथि सूर्यको रथमा आफ्नो मशाल जलाए। त्यसरी प्राप्त गरेको आगो उनले मानवलाई दिए। सृजनकर्ताबाट त्यस्तो उपहार पाएपछि मानुष सबै प्राणीहरूमा उत्कृष्ट भयो र उसको सामना गर्ने क्षमता कसैमा रहेन। ती प्राणीहरूलाई काबू गर्न उसले आगो प्रयोग गरेर शस्त्रास्त्र बनायो; खेतीपातीका लागि कृषि औजार बनायो । आगो प्रयोग गरेर उसले आफ्नो घरलाई न्यानो बनायो र त्यसपछि ऊ अपेक्षाकृतिरूपमा मौसमको मारबाट पनि बच्न थाल्यो । त्यति गरिसकेपछि अन्ततः उसले विभिन्न कलालाई जन्म दिनाका साथै मुद्रा बनाउन सिक्यो जसकारण बन्द-व्यापार गर्न सजिलो भयो।

त्यति बेलासम्म आइमाई बनाइएको थिएन । भनिन्छ कि जूपिटरले नारी बनाएर प्रामीथिऊस् र एपिमीथिऊस्का साथै मानवलाई दण्ड दिन तल पृथ्वीमा पठाए किनकि ती टाइटनहरूले सूर्यदेवबाट आगो चोरेका थिए र मानवले त्यो चोरेको माल उपहारस्वरूप स्वीकार गरेको थियो।

जूपिटरले बनाएको प्रथम नारीको नाम प्यान्डोरा थियो । तिनलाई स्वर्गमा बनाइएकोले तिनको पूर्णताका लागि प्रत्येक देव-देवीले केहीनकेही गुण दिएका थिए । वीनस्ले तिनलाई सौन्दर्य दिइन् । मर्करीले आफ्ना कुरा मनाउने शक्ति दिए । अपोलौले संगीत आदि दिए । त्यसरी गुणसम्पन्न बनाइएपछि तिनलाई पृथ्वीमा ल्याइयो र एपिमीथिऊस्लाई दिइयो । उनले प्रसन्नतापूर्वका देवोपहार स्वीकार गर्दा उनका दाइले चेतावनी दिएका थिए कि जूपिटरका उपहार स्वीकार गर्दा विचार पुऱ्याउनू।

एपिमीथिऊस्को घरमा एउटा गाग्री, मटुलो वा त्यस्तै कुनै भाँडो थियो । त्यसमा केही हानिकर वा घातक रोगहरू राखिएका थिए जसलाई मानव नर निर्माण गर्दा उनले तह लगाउने फुर्सद पाएका थिएनन् । प्यान्डोराका मनमा कुतूहल जाग्यो कि त्यस भाँडोमा के छ ! जिज्ञासा उद्विग्नतामा परिणत हुँदा प्यान्डोराले त्यस पात्रको ढकनी वा बिर्को खोलिदिइन् र भित्र हेरिन्। भाँडोको मुख खोलिने बित्तिकै त्यसबाट मानुषका लागि हानिकर- बाथरोग वा आँख्लेबाथ, उदरशूल आदि शरीरका लागि; र मस्तिष्काका लागि ईर्ष्या, डाह, प्रतिशोध आदि बाहिर निस्किए र चारैतिर फैलिए। आत्तिएर प्यान्डोराले तुरुन्तै ढकना लगाइन् तर, अफसोस ! सारा विकृतिहरू त्यसबाट निस्किसकेका थिए। तर, पींधमा भने 'आशा' सुतेको रहेछ । त्यसकारण हामी आज पनि देख्दछौं कि चारैतिरबाट संकटले घेरिए पनि मानिसले आसलाई भने मर्न दिँदैन। जबसम्म आशा जीवित छ तबसम्म संसारको कुनै पनि दुःखले कसैलाई पूर्णतया बेकम्मा बनाउन सक्तैन।

अर्को कथाले बताउँदछ कि जूपिटरले प्यान्डोरलाई विशेषगरी मानिसहरूको भलाइ गर्न पठाएका थिए। तिनले स्वर्गबाट एउटा कन्तुर ल्याएकी थिइन्। जसमा देव-देवीहरूले दिएका विवाहका उपहारहरू राखिएका थिए । ती उपहारभित्र प्रत्येकमा देवताहरूका आशीर्वादा लुकेका थिए। एकदिन असावधानीवश तिनले त्यो बाकस खोलिन् र 'आशा' (Hope) बाहेक त्यसमा रहेका सारा आशीर्वादहरू फुत्केर भागे। कदाचित यो कथा पहिलो कथाभन्दा धेरै विश्वसनीय छ किनकि आशा जस्तो बहुमूल्य रत्न घातक वा हानिकर कुराले भरिएको गाग्री वा भाँडोमा किन राखियोहोला !

त्यसरी यो पृथ्वी सारा प्राणीहरूले भरिभराउ भएपछि त्यहाँ सर्वप्रथम निर्दोषित वा पवित्रता र प्रसन्नताको युग आयो जसलाई लोकले स्वर्णिम युग भन्यो। त्यस युगमा सच्चा र सहीको बोलवाला थियो। त्यस्तो कुनै कानूनले लादेको व्यवस्थाअनुसार भएको थिएन किनकि लोकलाई त्रस्त पार्न र दण्ड दिन त्यहाँ कुनै न्यायाधीश थिएन । त्यति बेलालसम्म जलयानका लागि चाहिने काठ प्राप्त गर्न न जंगल नै काटिउका थिए, न मानुषले आफ्नो नगरको चारैतिर किल्लाबन्दी नै गरेको थियो। त्यति बेलासम्म कसैले तरवार, भाला वा शिरस्त्राण के हुन्, जानेकै थिएन। पृथ्वीमाताले मानिसलाई चाहिने सारा सामग्री दिन्थिन् । त्यसका लागि मानिसले कुनै किसिमको खनजोत वा बीज-वपनमा श्रम गर्नुपर्दैनथ्यो । त्यस युगमा सदा ऋतुराजको राज रहन्थ्यो, बीजविना फूल फुलिरहन्थे । नदीहरूमा पानी होइन दूध र सुरा बग्दथे र फलाँटको फेदबाट सुनजस्तो मह चुहिरहन्थ्यो।

स्वर्णयुगपछि रौप्ययुग अथवा चाँदीको युग आयो । त्यो स्वर्णयुगभन्दा त कमसल थियो तर, पछि आउने पित्तलयुगभन्दा त राम्रै थियो । त्यस युगमा जूपिटरले वसन्तऋतुको अवधि कम गरेर वर्षलाई दुई ऋतुमा बाँडिदिए । तबदेखि मानुषले सर्वप्रथम अत्यधिक गर्मी र सर्दी सहनुपऱ्यो। त्यस्तो स्थितिमा मानवलाई घरको आवश्यकता पऱ्यो। मौसमका धपेडाबाट बच्न उसले पहिले पर्वतगुहा-ओडारलाई आफ्नो घर बनायो र त्यसपछि घासफुसको घर बनाउन थाल्यो । बिउ नछरीकन बाली उम्रन छाड्यो । परिणामतः मानिसले कृषिकर्म गर्नैपऱ्यो । बाली लिनाका लागि गोरुको सहायताले हलो जोत्नुपऱ्यो र त्यसरी तयार गरिएको खेतमा बिउ छर्नैपऱ्यो।

रौप्ययुगपछि पित्तलयुग आयो जो पूर्वयुगभन्दा निकै कष्टकर थियो ऋतुको हिसाबले। त्यस युगमा मानिसहरू सशस्त्र कलहका लागि तत्पर रहन थाले। तर, त्यति हुँदा पनि त्यो युग त्यति नराम्रो थिएन। कठिनतम र निकृष्टतम युग त पछि आउनेवाला लौहयुग थियो। अपराधको भेल बग्न थालेपछि विनयशीलता, सत्य र सम्मान तिरोहित भए र तिनका ठाउँमा धोकाधडी, धूर्त्याइँ, हिंसा र कसैगरी लाभ कमाउने प्रवृत्तिले जड जमाउन थाल्यो। त्यसपछि नाविकहरूले जहाजका पाल हावामा फैलाउन थाले र महासागरको अनुहारलाई नै बिगारिदिने समतलपींधे जलपोतनिर्माणका लागि पर्वतबाट रुख काटिन थालिए। त्यति बेलासम्म सबैले खेती गर्न पाउने जमिन अब व्यक्तिगत सम्पत्तिका रूपमा बाँडिन थालियो । पृथ्वीले आफ्नो सतहबाट दिएको सामग्रीले मात्र सन्तुष्ट नभई मानवले आफ्नी आमा पृथ्वीको पेट चिरेर त्यहाँबाट धातुपिण्ड निकाल्न थाल्यो । उपद्रवकारी फलाम र त्यसभन्दा पनि खराब तत्त्व सुनको उत्पादन शुरु गरियो । फलाम र सुनको प्रयोग हुने युद्धको प्रादुर्भाव भयो । अतिथिहरू आफ्ना मित्रका घरमा असुरक्षित भए । जुवाइँ-ससुरा, दाजु-बहिनी, दिदी-भाइ र पति-पत्नीमा परस्पर विश्वासको वातावरण रहेन। उत्तराधिकारका लागि पुत्रले पिताको मृत्यु-कामना गर्न थाल्यो भने पारिवारिक प्रेम कता हो कता हरायो। अत्यधिक हत्याका कारण पृथ्वी गिलो भयो र देवताहरूले एक-एक गरी धरती छाड्न थाले। निष्कपटता र पवित्रताकी देवी यास्ट्रीआ (Astroea) त्यहाँ केही समय अरु बसे पनि अन्ततः तिनी पनि गइन्। धरती छाडेपछि तिनले तारामण्डलमा स्थान पाइन् र तिनी बस्ने नक्षत्रमण्डललाई वर्गो (Virgo=Virgin) अर्थात् कुमारी तारा वा नक्षत्रमण्डल भनियो । यास्ट्रीआ थीमिस्की पुत्री थिइन् । ती देवीले आफ्नो तुला समोतकी हुन्थिन् जसद्वारा तिनी वादी-प्रतिवादीहरूका ठीक-बेठीक दावीलाई तौलन्थिन्। पुराना कविहरूको साह्रै मनपर्ने विचार थियो कि यी आमा-छोरी देवीहरू अवश्य एक दिन पृथ्वीलोक फर्कनेछन् र यहाँ फेरि स्वर्णयुगको शुभागमन हुनेछ। हेर्नुहोस् त अंग्रेज कवि यालिग्जान्डर पोप (Alexander Pope, 1688-1744 AD) को कल्पनाः

"All crimes shall cease, and ancient fraud shall fail,
Returning Justice lift aloft her scale."

जेहोस्, पृथ्वीको त्यस्तो दुरावस्था देखेर जूपिटर अत्यन्त क्रुद्ध भए र सर-सल्लाहका लागि सबै देवी-देवताहरूलाई बोलाए। देवगणले आज्ञा मानेर अन्तरिक्ष-स्थित राजप्रासादको बाटो समाते। निरभ्र आकाशमा त्यो बाटो सबैले देख्न सक्छन् किनकि त्यसै बाटोको नाम आकाश गंगाा (Milky Way) हो। त्यस बाटैभरि स्वनामधन्य देवताहरूका आवास छन् भने, सामान्यजनका घर बाटाका वरिपरि अलि टाढा अवस्थित छन्।

देवगण एकत्र भएपछि तिनलाई सम्बोधित गर्दै जूपिटरले पृथ्वीलोकको भयंकर दुर्दशाको वर्णन गरे र अन्त्यमा भने कि म पृथ्वीका समस्त प्राणीलाई नष्ट गरेर पहिलेको जस्तै गृणवान् र देवगणलाई धेरै राम्ररी पुज्नखाले नयाँ जातिको निर्माण गर्नेछु। त्यति भनेर तिनले आफ्नो हातमा वज्र समाते र पृथ्वीतिर फाल्न उद्यत भए । अकस्मात् तिनले विचार गरे कि वज्रले पृथ्वीलाई त नष्ट गर्ला तर, त्यहाँ लागेको आगोको लप्को स्वर्गलोकसम्म पुग्यो भने यहाँ पनि आगो लाग्नेछ । त्यस्तो सोचाइपछि तिनले पृथ्वीलाई पानीमा डुबाएर नष्ट गरिदिने विचार गरे । आफ्नो इच्छापूर्तिका लागि तिनले बादललाई यताउता छरिदिने उत्तरी वायुलाई सिक्रीले बाँधे र दक्षिणी वायुलाई काम गर्न पठाए। अलि नेरमा नै सारा आकाश एकदम कालो भयो। बादलका समूह परस्पर भिड्न थालेपछि मुसलधारे पानी पऱ्यो । बाली बर्बाद भयो र किसानको वर्षभरिको श्रम एक घण्टाभित्रै खेर गयो । आफ्नो अधिकारमा भएको सारा पानी प्रयोग गरेर पनि जूपिटर असन्तुष्ट नै रहे र तिनले आफ्ना भाइ नेप्च्यूनसँग पनि उनको पानी मागे। तिनले नदीहरूका प्रवाहलाई तेज पारिदिए र सारा जल भूमिमा फिंजाइदिए। त्यतिले पनि नपुगेर तिनले भूकम्पद्वारा पृथ्वीलाई आन्दोलित गरे र समुद्रको पानी पनि माथि ल्याइदिए। त्यसो हुँदा भेडा-बाख्रा, गाई-गोरु, मानिस र घर, सबै बगे र मन्दिरहरूका साथै तिनका पर्खाल पनि नष्ट भए। कसैगरी कुनै संरचना बचे पनि त्यो पानीमा डुब्यो र त्यसका स्तम्भ वा मीनारहरू जल तरंगभित्र लुकेर रहे। अब त जता हेऱ्यो त्यतै किनाराविनाको समुद्र थियो । कतैकाहीँ केही मानिस पहाडको चुचुरोमा रहे भने तिनले केही समय पहिले जोतेको आफ्नै खेतमाथि तरणीलाई गति दिन चप्पू चलाउन थाले। माछाहरू रुखका टुप्पानेर पौडिन थाले र जलयानको लंगर बस्ने ठाउँ पहिलेको बगैंचा भयो । जहाँ पहिले भेडाका सुन्दर बचराहरू खेल्दथे त्यहाँ अब सील माछा उफ्रन थाले। ब्वाँसो भेडासाथ पौडन थाल्यो र पहेंला सिंह र व्याघ्र पानीमा नै संघर्ष गर्न थाले। त्यस्तो अथाह जलराशिमा न त बनेलको जोर चल्दथ्यो, न हरिनको क्षिप्रगति नै काम लाग्ने भयो । धेरै बेरसम्म उडेर थाक्दा पनि कतै आश्रय नपाएपछि पंछीहरू पानीमा खस्न थाले। पानीको प्रकोपबाट बाँच्न सफल भएका मानिसहरू क्षुधाका आखेट हुन थाले। त्यस युगका पर्वतहरूमा पार्न्यासस् (Parnassus) सबैभन्दा अग्लो भएकोले त्यसको चुचुरो पानीमाथि र ड्युकेलिअन (Deucalion) र उनको पत्नी पिऱ्हा (एथचजब)ले क्रमशः न्यायप्रिय मान्छे भएकाले र देवताहरूकी विश्सनीय र आज्ञाकारिणी पुजारिनी भएकीले त्यहाँ शरण पाए । तिनीहरू प्रामीथिऊस्का वंशधर थिए । जूपिटरले त्यो युगलबाहेक अन्य कसैलाई नदेखेपछि उनको आनिरहित र पवित्र जीवनलाई स्मरण गर्दै उत्तरी वायुलाई बादल उडाइदिने र आकाशलाई पृथ्वी देखाइदिने आदेश दिए। नेप्च्यूनले पनि ट्राइटन् (त्वष्तयल)लाई आफ्नो शंख फुकेर पानी फर्काउने आदेश दिए। पानीले ट्राइटनको आदेश मान्यो र समुद्रजल आफ्नो ठाउँतिर लाग्यो भने नदीहरूले आफ्ना जल नहर-कुलातिर लगाए। तर ड्युकेलिअनले पिऱ्हालाई भने-

"हे पत्नी ! हे एकमात्र जीवित स्त्री ! पहिले हामी वंशज हुनाका नाताले पछि पति-पत्नीका नाताले संयुक्त भएका थियौं र अहिले साझा विपत्तिमा पनि, हामी संयुक्त भए पनि, आफ्ना पुर्खाझैं स्वजातिको पूर्ववत् विस्तार गर्न अक्षम छौं। अतः हे पत्नी ! हामी ऊ त्यहाँ अवस्थित मन्दिरमा जाऔं र देवताहरूसित सोधौं कि अब हामी के गरौं ?" सल्लाह भएपछि ती दुवै, हिलोले सौन्दर्य नष्ट गरेको मन्दिरमा पसे। वेदीमा पुग्दा तिनले प्रजज्वलित अग्नि देखेनन्। मन्दिरको त्यस्तो दुरवस्था देखेर तिनीहरूले भुइँमा दण्डवत् लम्पसार परेर प्रार्थना गरे कि तिनीहरू कसरी विपत्तिबाट मुक्त हुन सक्छन् ? आफ्नो प्रश्नको उत्तरमा तिनले आकाशवाणी सुने- "टाउको ढाकेर र लुगा फुकालेर तिमीहरू मन्दिर बाहिर जाऊ र आफ्नी आमाका हाड आफ्नो पछाडि काल !" देववाणी सुनेर तिनी चकित भए। पिऱ्हाले भनिन्- "हामी यस्तो आज्ञा मान्न असमर्थ छौं किनकि हामी आफ्नी आमाका अस्थि-अवशेषको निरादर गर्न सक्तैनौं।"

त्यति कुरा भएपछि तिनीहरूले एउटा सघनतम वृक्षको छायामा गएर भविष्यणीबारे गहिरिएर सोच्न थाले । अन्ततोगत्वा ड्यूकेलिअन्ले भने- "मेरो मेधाले काम गर्न छाडेको छैन भने हामी नराम्रो काम नगरीकन पनि देवाज्ञा-पालन गर्न सक्छौं। वास्तवमा पृथ्वी नै हाम्री सर्वोपरि माता हुन् र शिलाखण्ड उनका अस्थि हुन् । हामीले ढुंगाहरू पछाडि फाले भइहाल्छ नि ! मेरो विचारमा देववाणीको पनि यही आशय हो । हामीले त्यसै गरे के हानि !" तिनीहरूले आफ्ना अनुहार लुगाले ढाकी अरु लुगा फुकालेर आफूपछाडि ढुंगा फाल्न थाले। साश्चर्य तिनले देखे कि कठोर शिलाको कमला भएर आकार धारण गर्ने थालेका छन्। शनैः शनैः तिनले मूर्तिकारका हातमा रहेको अर्धनिर्मित मूर्तिजस्तो मानवको खस्रो अनुकृति देखे। ती ढुंगाका चारैतिर रहेका आर्द्रता र हिलो, मासुझैं भए। प्रस्तर भाग हाड भए। नसाहरू नसा नै रहे। जुन ढुंगालाई पुरुषले फाले ती पुरुष भए र नारीले फालिन् ती नारी भइन्। त्यसरी प्रादुर्भूत भएको मानवजाति श्रमसिद्ध परिश्रमी जाति भयो जस्ता कि पश्चिमाहरू अद्यापि छन्।

यस्तो कथा जानेका मिल्टन्, ईव (Eve) सँग प्यान्डोराको तुलना गर्न किन चुक्थे ! हेरौं त प्याराडाइज लास्ट, खण्ड ४ मा तिनी के लेख्दछन्-

"More lovely than Pandora, whom the gods
Endowed with all their gifts, and O, too like
In sad event…"

कविहरूका लागि प्रामीथिऊस् एउटा मन परेका विषय बनेका छन्। उनलाई मानवजातिको भित्रका रूपमा देखिन्छ जसले जौव् अर्थात् परमेश्वर मानवदेखि रिसाएको बेलामा बीचबचाउ गरेका थिए र मानवलाई सभ्यता र कलाको पाठ पढाएका थिए। त्यसो गरेर उनले जूपिटरको इच्छा-विपरीत काम गरे। फलतः उनले मानव र देवगणका राजाको रिस बोक्नुपऱ्यो। जूपिटरले उनलाई काकेशस (Caucasus) पर्वतको एउटा शिलाखण्डमा सिक्रीले बाँध्न लगाए जहाँ एउटा गिद्धले उनको कलेजोमा आफ्नो चुच्चो गाड्न थाल्यो । तर, उनको कलेजो पनि गजबको थियो। गिद्धले उनको कलेजो खाने बित्तिकै अर्को नयाँ कलेजो बनिहाल्यो । प्रामीथिऊस्ले आफ्नो कष्टकर स्थितिलाई आफूले चाहेको भए आफ्ना उत्पीडकसामु आत्मसमर्पण गरेर कुनै पनि समय समाप्त गर्न सक्तथे किनकि उनी जौव्को सत्ता-स्थायित्वको रहस्य जान्दथे। त्यो रहस्य बताएर उनी जौव्का कृपापात्र बन्न सक्थे। तर, उनले त्यसो गर्न घृणास्पद ठाने। यसकारण उनी अकारण पाइने दुःख र उत्पीडनको प्रतिरोध गर्ने शक्तिका प्रतीक भए।

---

## लुम्बिनीका...

'यातायात सेवा बिस्तारका लागि सेवाग्राही तथा जनप्रतिनिधिहरुबाट माग हुँदै आइरहेको पनि थियो, सेवाग्राहीहरुले भोग्नु परिरहेको समस्यालाई मध्यनजर गर्दै यातायातसम्बन्धी सेवा बिस्तारका लागि हामीले मन्त्रीपरिषद बैठकमा प्रस्ताव पेश गरेका थियौं,' मन्त्री न्यौपानेले भने-'मन्त्रालयको उक्त प्रस्तावलाई मन्त्रिपरिषद् बैठकले अनुमोदन गर्दै यातायातसम्बन्धी सेवा बिस्तार गर्ने निर्णय गरेको छ र आगामी आर्थिक वर्षदेखि लागु हुने गरी कार्यान्वयनका लागि व्यवस्थापनको स्वीकृति पनि मन्त्रिपरिषद् बैठकले मन्त्रालयलाई दिएको छ, अब हामी यसको सम्पूर्ण व्यवस्थापनमा लाग्ने छौं।'

जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरुमार्फत् यातायातसम्बन्धी सेवा प्रवाह गर्नेगरी मन्त्रालयले व्यवस्थापन गर्नेछ।

यो व्यवस्थापनका लागि प्रदेश सरकारको आर्थिक दायित्व नबढ्ने समेत मन्त्री न्यौपानेले जानकारी दिए। 'हाम्रो मन्त्रालय मातहतको घरेलु तथा सानाउद्योग कार्यालयहरु हरेक जिल्लामा छन्, यातायात व्यवस्था कार्यालय नभएका स्थानमा यि घरेलु तथा साना उद्योग कार्यालयहरुमार्फत् सेवा प्रवाहको व्यवस्था मिलाइने छ,' मन्त्री न्यौपानेले भने 'घरेलु तथा साना उद्योग कार्यालयको हाल कायम जनशक्तिबाट सेवा प्रवाह हुने भएकोले प्रदेश सरकारको आर्थिक दायित्व पनि बढ्ने छैन, सेवाग्राहीहरुले आफ्नो थलोबाटै सेवा प्राप्त गर्नेछन्।'

यातायात व्यवस्थासम्बन्धी सेवा बिस्तारले नागरिकहरुलाई सहज रुपमा सेवा प्राप्त हुने र सरकारको राजश्वमा समेत वृद्धि हुन अपेक्षा सरकारले लिएको छ। मन्त्री न्यौपानेले यातायातसम्बन्धी सेवा बिस्तारका लागि मुख्यमन्त्री चेतनारायण आचार्यसँग परामर्श गर्दै आएका थिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं

### विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना

यस सूचनाद्वारा सर्वसाधारण सबैमा जानकारी गराइन्छ कि श्री अवाकस एकेडेमी एण्ड रिसर्च सेन्टर (दर्ता नं. १४४५०१), लुम्बिनी साँस्कृति नगरपालिका-१०, रुपन्देही स्थित उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम विशेष प्रस्ताव पारित गरी कम्पनीको दर्ता खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा, यदि कसैको उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य हकदावी बाँकी रहेको भए, सोको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १ (एक) दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौमा उपस्थित भई आफ्नो दावी पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालामा अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र कुनै दावी पेश नगरेमा प्रचलित कानून बमोजिम उक्त कम्पनीको दर्ता खारेज प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस् र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्लू रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्।
लोडसेडिङ्को बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
● ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
● लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६१७८१२७५, ९८०७७६०६२२

# रूपन्देही व्यापार संघ सल्लाहकार परिषद् संयोजकमा नेपाल




बुटवल । रुपन्देही व्यापार संघ सल्लाहकार परिषद्को संयोजकमा माधव नेपाल चयन भएका छन् । शुक्रबार संघको सचिवालयमा सम्पन्न पदाधिकारी तथा सल्लाहकारको भेलाबाट नेपाल संयोजक पदमा चयन भएका हुन् ।

रुपन्देही व्यापार संघको विधान बमोजिम संस्थागत विकास र व्यवसायीहरुलाई थप गति दिन सल्लाहकार परिषद् समिति गठन गर्ने व्यवस्था रहेको छ ।

कार्यक्रमकै अवसरमा संघका अध्यक्ष प्रकाश ढकालले संघले हालसम्म गरेका गतिविधिहरु जानकारी गराउँदै संघले आगामी दिनमा गर्न सकिने कार्यक्रमहरुका सन्दर्भमा सल्लाहकारहरुको राय सुझाव संकलन गरिएको बताए । कार्यक्रममा संघका सल्लाहकार जोगलाल वि.क., बैकुण्ठप्रसाद कोइराला, तेजप्रसाद सुनार, गोविन्द घिमिरे, तुल्सीराम बञ्जाडे, मनिमदिन मिया, खिमानन्द पोखरेल, नगेन्द्र आचार्य, वजिर शाह, दधिराम खरेल, हेमबहादुर थापा, लेखनाथ ढकाल, शेरबहादुर के.सी., नारायण घिमिरे, मुकुन्द ज्ञवालीलगायतले रुपन्देही क्षेत्रको व्यापार व्यवसायीको संरक्षण र नीतिगत सुधारका लागि कार्यसमितिलाई आवश्यक सल्लाह र सुझाव दिँदै संघले शिक्षा र स्वास्थ्यसँगै पर्यटनको क्षेत्रमा पनि ध्यान दिनुपर्ने कुरामा जोड दिएका थिए ।

कार्यक्रम संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता, वरिष्ठ उपाध्यक्ष दयानिधि भण्डारीको स्वागत तथा महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो ।

# अधिकारकर्मी रुबी १८ दिनदेखि आमरण अनशनमा माग पूरा गर्नुको साटो हिरासतमा

नेपालगञ्ज । १८ दिनदेखि अधिकारकर्मी रुबी खान आमरण अनशनमा छिन् । निर्मला कुर्मीलगायत विभिन्न महिला हिंसाका मुद्दामा न्याय माग्दै शान्तिपूर्ण धर्नामा बसेका उनीसहित अन्य अधिकारकर्मीलाई जिल्ला प्रशासन बाँकेको कार्यालय अगाडिबाटै प्रहरीले जबर्जस्ती उठाएर हिरासतमा राखेको भन्दै उनले हिरासतमै बैशाख १५ गतेदेखि आमरण अनशन सुरु गरेकी हुन् ।

महिलाअधिकार मञ्चकी केन्द्रीय सदस्य तथा बाँके जिल्ला अध्यक्ष सकिना साहका अनुसार, महिला अधिकारकर्मीहरू बैशाख १२ गतेदेखि प्रत्येक दिन दिउँसो ३ देखि ५ बजेसम्म जिल्ला प्रशासन कार्यालयअगाडि धर्नामा बस्दै आएका थिए । उनले १५ गते प्रहरीले ब्यानर खोसेर धर्ना नबस्न भन्दै नियन्त्रणमा लिएर हिरासतमा लगेको सुनाइन् । उनीहरूविरुद्ध सोही दिन पक्राउ पुर्जी जारी भएको थियो । पक्राउ पुर्जीमा उल्लेख छ–'तपाईंलाई सार्वजनिक शान्तिविरुद्धको कसूरको अनुसन्धानको सिलसिलामा तत्काल पक्राउ गर्नु परेकोले यो पक्राउ पुर्जी जारी गरिएको छ ।'

तर, आफूहरुले त्यसरी शान्तिमा खलल पुर्‍याउने काम नगरेको दाबी गरिन् । 'हामीले हुलदंगा लगाएका थिएनौँ, शान्तिपूर्वक बसिरहेका थियौँ,' साहले भनिन्–'तर, शान्तिसुरक्षा भंग गरेको भनी झुटा मुद्दा लगाइयो ।' रुबीलाई पक्राउ पुर्जी जारी भएको विषयमा सामाजिक सञ्जालमा पनि सरकारको आलोचना भइरहेको छ । पूर्वपत्रकारसमेत रहेका वृहत नागरिक आन्दोलनका अभियन्ता नारायण वाग्लेले सरकारलाई प्रश्न गरेका छन् । उनले प्रधानमन्त्री बालेन शाहलाई लक्षित गर्दै संसद्लाई नसुन्ने र सडकलाई पनि थुन्ने भन्दै रुबी पक्राउको विरोध गरेका छन् ।

'नागरिक अधिकारकर्मी रूबी खानलाई पक्राउ पुर्जी । सार्वजनिक शान्तिविरुद्धको कसुर भयो रे । प्रहरी अनुसन्धानको माग गर्दै वर्षौंदेखि संघर्षरत नेपालगञ्जकी यी अधिकारकर्मीलाई पक्राउ गरेर के न्यायको माग बन्द हुन्छ ?,' उनले फेसबुकमार्फत् प्रश्न गरेका छन्–'संसद्लाई नसुन्ने, अनि के अब सडकलाई पनि थुन्ने ?' अनशनरत खानको स्वास्थ्य अवस्था बिग्रिँदो छ । हामीसँग फोन सम्पर्कमा आएकी खानले पनि अनसनले गर्दा आफ्नो स्वास्थ्य अवस्था कमजोर बन्दै गएको बताइन् ।

सकिना साहका अनुसार यही विषयलाई लिएर आन्दोलनमा रुबीसहित महिलाहरू उत्रिएको छैठौं पटक हो भने आमरण अनसन चौथो हो । यसअघिका आन्दोलनपछि सरकारले पटक–पटक सम्झौता गरेर पनि कार्यान्वयन नगरेपछि रुबीले यसपटक पनि आमरण अनशनको बाटो रोजेकी हुन् । बाँकेमा निर्मला कुर्मीमाथि भएको ज्यादती र हत्याको मुद्दा वर्षौंदेखि अलपत्र छ । महिलाअधिकार मञ्चले यो मुद्दा अदालतसम्म पुर्‍याउनुपर्छ भनेर बारम्बार आवाज उठाउँदै आएको छ । मञ्चकी केन्द्रीय सदस्य तथा बाँके जिल्ला अध्यक्ष सकिना साहकाअनुसार चुनावलगत्तै यो मुद्दा अदालत लैजाने भनेर सीडीओ, जिल्लाका प्रहरी प्रमुखलगायतले सहमति गरेका थिए । 'त्यसअघि पनि पाँच पटकसम्म सरकारले वार्ता गर्‍यो, पाँच पटक नै छल्यो । बरु योसँगै अन्य मुद्दाहरू थपिँदै गएका छन् ।'–उनको गुनासो छ ।

कुर्मीको मुद्दा अझै अनिर्णीत रहेको भन्दै आन्दोलन गरिरहँदा बाँकेमा अर्को घटना भयो– गुडिया कहार नामकी महिलाको हत्या । यस घटनामा पीडीत पक्षले परिवारकै सदस्यविरुद्ध कर्तव्य ज्यानको मुद्दाका लागि निवेदन दिए । तर, प्रशासनले उक्त मुद्दालाई आत्महत्या दुरुत्साहन भनेको उनीहरूको आरोप छ । मुद्दा बोकेर महिलाअधिकार मञ्चले ९ बुँदे मागसहित बैशाख १२ गतेदेखि सीडीओ कार्यालय, बाँके अगाडि धर्ना सुरु गरेको थियो । यसकै लागि हरेक दिन दिउँसो ३ बजेदेखि ५ बजेसम्म अधिकारकर्मीहरू ब्यानर बोकेर बस्थे ।

आन्दोलनरत पक्षका अनुसार, बैशाख १५ गते पनि अधिकारकर्मीहरू सीडीओ कार्यालय अगाडि ब्यानर बोकेर बसिरहेका थिए । प्रहरी आयो र ब्यानरहरू खोसेर लग्यो । धर्ना बन्द गर्न भनियो । रुबी गते हिरासत १७ गते राति ९ बजे महिला अधिकार मञ्जको जिम्मामा उनलाई छाडियो । लगत्तै उनलाई सञ्जीवनी मेडिकल कलेजमा राखियो । अस्पतालको शयूयामै उनले अनशनलाई जारी राखेकी छन् ।


## राम्रो घडेरी बिक्रीमा

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला ।

सम्पर्क नम्बरः ९८०१८२७९५०












## नवलपरासी बर्दघाट सुस्ता पश्चिम क्रिकेट संघको सूचना

नेपाल क्रिकेट संघको विधान बमोजिम नवलपरासी जिल्ला क्रिकेट सङ्घको अधिवेशन यही २०८३ साल जेठ २४ गते आइतबार सुनवल नगरपालिका १२ भूमहीमा आयोजना गरिएको हुँदा कार्यक्रममा उपस्थितिका लागि संघको विधान बमोजिम साधारण सदस्य एवं संघमा आबद्ध क्लबका प्रतिनिधिहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रमको तालिका**

मितिः २०८३ ज्येष्ठ २४ गते आइतबार
समयः बिहान ११ बजे
स्थानः एट्लस होटल भूमही

**सदस्यताको मापदण्ड**

१. तीन अलगअलग वर्गका तीनवटा सिनियर राष्ट्रिय क्रिकेट प्रतियोगितामा सहभागी भएका खेलाडी
२. अन्तर्राष्ट्रिय क्रिकेट खेलेको महिला तथा पुरुष खेलाडी ।
३. आइसिसी एसिसी तथा नेपाल क्रिकेट संघबाट आयोजित प्रशिक्षण कार्यक्रमबाट क श्रेणी उत्तीर्ण गरेको अम्पायर कोष तथा स्कोररहरू ।
४. दुई कार्यका ल नेपाल क्रिकेट सङ्घ क्षेत्रीय क्रिकेट विकास समिति वा जिल्ला क्रिकेट संघमा कार्य गरेका सदस्यहरू
५ वर्तमान जिल्ला कार्यसमितिका सम्पूर्ण सदस्य
६. विगत आठ वर्षमा जिल्ला क्रिकेट सङ्घद्वारा आयोजित क्रिकेट प्रतियोगितामा कम्तीमा दुईपटक सहभागी भएका क्लबहरू

**सदस्यता नवीकरण र नयाँ सदस्यता शुल्क**

१. साधारण सदस्यता रु १०००/०० (पुरानो का हकमा नवीकरण मात्र )
२. साधारण सदस्य १५००/००( नयाँको प्रवेश र नवीकरण शुल्क)
३. क्लबका लागि रु ४०००/०० (पुरानोको हकमा नवीकरण मात्र)
४. क्लबका लागि रु ९०००/००(नयाँको प्रवेश र नवीकरण शुल्क )

सदस्यता नवीकरण २०८३ साल जेठ महिनाको १५ गते कार्यालय समयभित्र गर्न सकिनेछ ।

अन्य जानकारीका लागि
कृष्णप्रसाद श्रेष्ठ
अध्यक्ष ९८४७०३७९२७ र ९८४७०४१४८८
नवलपरासी क्रिकेट संघ नवलपरासी (ब.सु.प.)








सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com